Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८२/०८३
च.नं. (Ref.No.): ४३२

मितिः २०८२/०९/२१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः चौधौं वार्षिक साधारण सभाको काम कारवाही बारे जानकारी सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारण सभा मिति २०८२/०९/२१ गते सोमबार कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष एवम् नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री चिरञ्जीवी चटौत को अध्यक्षतामा सम्पन्न भयो। साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको कम्पनीको बार्षिक प्रतिवेदन सहित देहायका प्रस्तावहरु पारित भयोः

**(क) साधारण प्रस्ताव**

१) सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियो।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गरियो।

३) आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नका लागि श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिमका लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक मुल्य अभिवद्धि कर वाहेक रु. ५,००,००० (अक्षररुपी रु. पाँच लाख मात्र) कायम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता चुक्ता पूँजीको २% (अक्षररुपीः दुई प्रतिशत) का दरले हुने नगद लाभांश र वोनस शेयरमा लाग्ने कर समेत गरी रू. ४९१,१९६,२६८.०० (अक्षरेपी उनन्पचास करोड एघार लाख छयानब्बे हजार दुई सय अठछ्ठी मात्र) नगद लाभांश नेपाल सरकारको स्वीकृति लिएर वितरण गर्ने प्रस्ताव पारित गरियो।

५) सर्वसाधारण शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने प्रस्ताव पारित गरी भएको निर्वाचन प्रकृयाबाट अधिकतम मत प्राप्त गरी **श्री सुधीर ज्ञवाली** सञ्चालक पदमा निर्वाचित हुनुभएको छ।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

Page-1

Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं.
च.नं. (Ref.No.):

(ख) विशेष प्रस्ताव

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको १.५% (अक्षररुपी: एक दशमलव पाँच प्रतिशत) का दरले हुने रू.३६८,३९७,२०१.०० (अक्षरेपी छत्तिस करोड त्रियासी लाख सन्तानब्बे हजार दुई सय एक मात्र) बराबरको बोनस शेयर) नेपाल सरकारको स्वीकृति लिएर वितरण गर्ने प्रस्ताव पारित गरियो।

२) कम्पनीको प्रवन्धपत्र र नियमावली मा संशोधन गर्ने प्रस्ताव पारित गरियो।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव पारित गरियो।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १० लाख खर्च भएकोमा सो को अनुमोदन गर्ने प्रस्ताव पारित गरियो।

चौधौं वार्षिक साधारण सभाको माइन्युटको पूर्ण विवरण कम्पनीको वेबसाइट www.hidcl.org.np मा पछि प्रकाशित गरिनेछ।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

रमेश पनेरू
प्रमुख प्रवन्धक/कम्पनी सचिव

Page-2